MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# एमसिए-नेपाल समाचारपत्र

अङ्क ८ (साउन - पुस २०८०)

## विषय सूची


- खरिद क्रियाकलाप ३
- विद्युत् प्रसारण आयोजना ५
- जीविकोपार्जन पुनःस्थापना कार्यक्रम - रातमाटे ८
- सडक मर्मत आयोजना ९
- सामुदायिक आवाज १०


अद्यावधिक जानकारीका लागि



## एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनमा

### *विशेष समारोह आयोजित*




सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट नेपाल सरकारको लगानी तथा एमसीसीको अनुदान रहेको एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा २०८० साल असोज १७ गते एमसिए-नेपालद्वारा आयोजित विशेष समारोहमा सहभागी हुनुभयो ।

दुई घण्टासम्म चलेको उक्त समारोहमा विभिन्न सहयोगी मन्त्रालयहरू, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, सडक विभाग, सडक बोर्ड नेपाल, एमसिए-नेपाल सञ्चालक समिति, अमेरिकी राजदूतावास, स्वतन्त्र ऊर्जा उत्पादकहरू, नागरिक समाज र आमसञ्चार माध्यमका करिब दुईसय जना सहभागी भएका थिए ।

समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बधाई तथा शुभकामना दिँदै मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बाट आर्थिक सहयोग प्राप्त आयोजनाहरूबाट नेपाल र संयुक्त राज्य अमेरिकाबीच आर्थिक साझेदारीको क्षेत्रमा नयाँ अवसरहरूका लागि मार्गप्रशस्त गरेको उल्लेख गर्नुभयो । उहाँले कम्प्याक्ट अन्तर्गतका आयोजनाहरूबाट एसियाभरि नै नेपालको व्यापार सञ्जाल विस्तार हुने आशा व्यक्त गर्दै यसबाट नेपालको आर्थिक विकास तथा गरिबी न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो । उहाँले निरन्तर सहयोग गराउँदै आएकोमा अमेरिकी सरकारप्रति कृतज्ञता पनि व्यक्त गर्नुभयो ।

उक्त अवसरमा एमसीसीका प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइटले भन्नुभयो, "नेपाली जनतासँग सहकार्य गरी महत्वपूर्ण उपलब्धि हासिल गर्नका लागि यस कार्यक्रमका महत्वाकाङ्क्षी लक्ष्यहरू निर्धारण गर्ने क्रममा हामीले नेपाल सरकारसँग सहकार्य गरेका थियौँ । हामी प्रतिबद्ध साझेदारका रूपमा उभिन तयार छौँ र नेपाल सरकार को नेतृत्व र यस कार्यक्रमको कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए-नेपालप्रति पूर्ण विश्वस्त छौँ । निश्चित चुनौतीहरू सामना गर्न र यस कार्यक्रमलाई सफल बनाउनका लागि हामी प्रतिबद्ध छौँ ।"

पाँच वर्षको समयसीमाभित्र कम्प्याक्ट कार्यक्रम सफलतापूर्वक सम्पन्न हुने सुनिश्चितताका लागि पूर्व शर्तहरू तथा तयारी कार्य पर्याप्त रूपमा हासिल भएको जनाउने कार्यान्वयनमा प्रवेशसम्बन्धी घोषणा एमसीसी कम्प्याक्टका सन्दर्भमा महत्वपूर्ण कोशेढुङ्गा हो ।

# पाँच वर्षे अवधिको थालनी

नेपाल सरकारले २०८० साल भदौ १३ गते औपचारिक रूपमा एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन थालनी भएको घोषणा गरेको छ । माननीय अर्थमन्त्री डा. प्रकाश शरण महत र एमसीसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष श्री क्यामेरोन अल्फोर्डले त्यससम्बन्धी एक पत्र आदानप्रदान गर्नुभएको थियो । नेपाल सरकार तथा एमसीसीबीच आयोजना तयारीसम्बन्धमा पर्याप्त प्रगति हासिल भएको सहमति भएपछि उक्त घोषणा गरिएको थियो ।

"राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषित विद्युत् प्रसारण आयोजना र नेपालको रणनैतिक सडक सञ्जालमा लगानी गर्ने सडक मर्मत आयोजनाको औपचारिक कार्यान्वयन शुभारम्भ भएको घोषणा गर्न पाउँदा खुशी लागेको छ", उक्त अवसरमा अर्थमन्त्री डा. महतले भन्नुभयो। अर्थमन्त्री डा. महतले नेपालको विकासमा सघाउने एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमका आयोजनाहरूले सडक स्तरोन्नति तथा भरपर्दो विद्युत् आपूर्तिमार्फत नेपाली जनतालाई लाभान्वित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

"एमसीसी र नेपालबीचको साझेदारीका सन्दर्भमा यो अत्यन्त उत्साहजनक क्षण हो", एमसीसीका उपाध्यक्ष श्री अल्फोर्डले भन्नुभयो,




"नेपालका लागि सर्वाधिक महत्वपूर्ण नेपाली जनताका लागि आर्थिक सहयोग गर्न नेपाली साझेदारहरूसँग सहकार्य गर्न पाउँदा एमसीसी गौरवान्वित भएको छ । नेपाली जनताका लागि व्यावसायिक अवसरहरू सिर्जना गरेर, रणनैतिक सडक सञ्जालको मर्मतसम्भारमा सुधार गरेर तथा वातावरण संरक्षण गर्दै विद्युत् आपूर्तिको भरपर्दोपनामा सुधार गर्न नवीन उपायहरू पहिल्याएर नेपालको आर्थिक वृद्धिलाई अगाडि बढाउन हामी सहकार्य गर्नेछौं ।"

एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार निकाय एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर बिष्टले उल्लेख गर्नुभयो, "नेपाल सरकारको निर्देशन एवं एमसीसीको सहयोगबाट हामी निश्चित बजेट र समयावधिमा आयोजनाहरू सफलतापूर्वक सम्पन्न गर्नेछौं ।"

उक्त कार्यक्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूका सचिवहरू, आयोजना साझेदारहरू, एमसिए-नेपाल सञ्चालक समिति तथा नेपालका लागि अमेरिकी राजदूतावासका प्रतिनिधिहरू सहित करिब ६० जनाको सहभागिता रहेको थियो ।

# उच्चस्तरीय भ्रमणहरू

एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको घोषणा गर्नुपूर्व तथा पछि नेपाल सरकार तथा अमेरिकी सरकारका उच्चस्तरीय प्रतिनिधिहरूले एमसिए-नेपालको भ्रमण गर्नुभयो ।




अर्थमन्त्री डा. प्रकाश शरण महतले २०८० साल असार २८ गते एमसिए-नेपालको भ्रमण गर्नुभएको थियो ।



संयुक्त राज्य अमेरिकाको मेरील्याण्डका सांसद श्री क्रिस भान होल्लेनले २०८० साल भदौ १५ गते एमसिए-नेपालको भ्रमण गर्नुभएको थियो ।



एमसीसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष श्री क्यामेरोन अल्फोर्डले २०८० साल भदौ १४ गते एमसिए-नेपालको भ्रमण गर्नुभएको थियो ।




मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट २०८० साल असोज १७ गते एमसिए-नेपालको भ्रमण गर्नुभएको थियो ।

# खरिद क्रियाकलाप

## सम्भावित बोलपत्रदाताहरूसँग अन्तरक्रिया



*विद्युत् प्रसारण आयोजनाको ऊर्जा क्षेत्र प्राविधिक सहयोगसम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावित बोलपत्रदाताहरूसँग २०८० साल साउन १६ गते काठमाडौँमा आयोजित अन्तरक्रिया कार्यक्रम ।*

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाको ऊर्जा क्षेत्र प्राविधिक सहयोगसम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावित बोलपत्रदाताहरूसँग २०८० साउन २३ गते भारतको नयाँदिल्लीमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

करिब ५० जना (प्रत्यक्ष तथा अनलाइन) स्वदेशी तथा विदेशी कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रममा उक्त खरिदका उद्देश्य र समयरेखाका साथै खरिद गरिने सेवा, यसका लागि अपनाइने एमसिए-नेपालको प्रक्रिया, सिद्धान्त र मार्गनिर्देशिकाबारे विस्तृत जानकारी उपलब्ध गराइएको थियो ।

ऊर्जा क्षेत्र प्राविधिक सहयोग अन्तर्गतका क्रियाकलापले विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरण लगायत नेपालको ऊर्जा क्षेत्रमा कार्यरत संस्थाहरूको कार्यसम्पादनलाई सुदृढ गर्न सहयोग गर्नेछ ।

यस्तै अन्तरक्रिया कार्यक्रम २०८० साल साउन १६ गते काठमाडौँमा पनि आयोजना गरिएको थियो । उक्त कार्यक्रममा करिब ६० जना सहभागी (प्रत्यक्ष तथा अनलाइन) स्वदेशी तथा विदेशी कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रमले २०८० साल असोज ५ गते प्रकाशन गरिएको विद्युत् नियमन आयोगका लागि आवासीय सल्लाहकारसम्बन्धी परामर्श सेवासम्बन्धी बोलपत्रमा सहभागी हुनका लागि सम्भावित बोलपत्रदाताहरूमा अभिरुचि अभिवृद्धि गर्नमा पनि सहयोग गरेको थियो ।

एमसिए-नेपालले २०८० साल असोज १९ गते २० वटा व्यावसायिक संस्थाका ४८ जना प्रतिनिधि (प्रत्यक्ष तथा अनलाइन) को सहभागितामा पूर्व-प्रस्ताव सम्मेलन पनि आयोजना गरेको थियो ।



*विद्युत् प्रसारण आयोजनाको ऊर्जा क्षेत्र प्राविधिक सहयोगसम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावित बोलपत्रदाताहरूसँग २०८० साउन २३ गते भारतको नयाँदिल्लीमा आयोजित अन्तरक्रिया कार्यक्रम ।*




*विद्युत् प्रसारण आयोजनाको लाभ वितरणसम्बन्धी उप-क्रियाकलाप एमसिए साझेदारी कार्यक्रम (एमपीपी) सम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावना भएका बोलपत्रदाताहरूसँग २०८० असोज २६ गते आयोजित अन्तरक्रिया कार्यक्रम ।*

# एमसिए साझेदारी कार्यक्रमबारे सम्भावित बोलपत्रदाताहरूसँग अन्तरक्रिया

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाको लाभ वितरणसम्बन्धी उप-क्रियाकलाप एमसिए साझेदारी कार्यक्रम (एमपीपी) सम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावना भएका बोलपत्रदाताहरूसँग २०८० असोज २६ गते एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

करिब ८० जना सहभागी (प्रत्यक्ष तथा अनलाइन) स्वदेशी तथा विदेशी कम्पनीका प्रतिनिधिहरूको सहभागितामा काठमाडौँमा आयोजना गरिएको उक्त कार्यक्रममा उक्त खरिदका उद्देश्य र समयरेखाका साथै खरिद गरिने सेवा, यसका लागि अपनाइने एमसिए-नेपालको प्रक्रिया, सिद्धान्त र मार्गनिर्देशिकाबारे विस्तृत जानकारी उपलब्ध गराइएको थियो ।

विद्युत् प्रसारण आयोजनाको एक प्रमुख पक्षका रूपमा रहेको र लाभ वितरणसम्बन्धी उप-क्रियाकलापका रूपमा काम गर्ने एमसिए साझेदारी कार्यक्रम (एमपीपी)विद्युत् प्रसारण आयोजनाबाट प्रभावित क्षेत्रमा रहेका समुदायहरूसँग सम्बन्ध स्थापना गर्नुका साथै उक्त सम्बन्धलाई सुदृढ बनाएर आयोजनालाई सहयोग गर्नु एमसिए साझेदारी कार्यक्रमको प्राथमिक भूमिका हो ।

तीन वटा प्रमुख विषयगत क्षेत्र समेटिएका यस कार्यक्रमले आयोजना कार्यान्वयनमा हुनसक्ने ढिलाइसम्बन्धी जोखिम न्यूनीकरण गर्न सहयोग गर्नेछ । यसका तीन वटा विषयगत क्षेत्रहरू विद्युत् वितरण प्रणाली विस्तार र सुधार, खानेपानी आपूर्ति योजनाका लागि ग्रिड/अफ-ग्रिड समाधान तथा परिस्कृत विद्युत् उपयोगका लागि क्षमता अभिवृद्धिमा केन्द्रित रहेका छन् ।



*विद्युत् प्रसारण आयोजनाको लाभ वितरणसम्बन्धी उप-क्रियाकलाप एमसिए साझेदारी कार्यक्रम (एमपीपी) सम्बन्धमा अगाडि बढाउन लागिएको खरिद प्रक्रियामा सहभागी हुने सम्भावना भएका बोलपत्रदाताहरूसँग २०८० असोज २६ गते आयोजित अन्तरक्रिया कार्यक्रम ।*

# सबस्टेशन निर्माणका लागि प्राप्त बोलपत्र खोलियो

एमसिए-नेपालले २०८० साल कात्तिक २ गते विद्युत् प्रसारण आयोजना अन्तर्गत सबस्टेशन निर्माणका लागि प्राप्त बोलपत्र खोलेको छ ।

सबस्टेशनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नताका लागि तीन वटा लटमा विभाजन गरी शिलबन्दी बोलपत्र आह्वान गरिएको थियो । पहिलो लटमा ४०० केभी क्षमताको रातमाटे सबस्टेशन तथा लप्सीफेदी र नयाँ हेटौँडा सबस्टेशनमा गरिनुपर्ने कार्य रहेको थियो भने दोस्रो लटमा ४०० केभी क्षमताको नयाँ बुटवल सबस्टेशन तथा तेस्रो लटमा ४०० केभी क्षमताको नयाँ दमौली सबस्टेशन रहेको थियो ।

तोकिएको समयसीमाभित्र सात वटा निर्माण कम्पनीले बोलपत्र पेश गरेकोमा ती कम्पनीका प्रतिनिधिहरूको उपस्थितिमा बोलपत्र खोलिएको थियो । लिङ्क्जोन इण्डिया प्रालि (भारत), सिमेन्स लिमिटेड (भारत) र केईसी इण्टरनेशनल लिमिटेड (भारत) ले सबै लटका लागि बोलपत्र हालेको छ । यसैगरी टेक्नो इलेक्ट्रिक एण्ड इन्जिनियरिङ कम्पनी लिमिटेड (भारत) ले लट नं. १ र ३ का लागि, टाटा प्रोजेक्ट्स लिमिटेड (भारत) ले लट नं. २ का लागि, नेशनल कण्ट्राक्टिङ कम्पनी लिमिटेड (साउदी अरेबिया) ले लट नं. २ र ३ का लागि तथा बेटास र जेडएनसीसी संयुक्त उपक्रम (टर्की र अफगानिस्तान) ले लट नं. २ का लागि बोलपत्र हालेका छन् ।

अब तीन वटा सबस्टेशन निर्माण कार्य थालनीका लागि एमसिए-नेपालले प्राप्त बोलपत्रहरूको प्राविधिक तथा वित्तीय प्रस्तावहरूको मूल्याङ्कन गर्नेछ ।



*विद्युत् प्रसारण आयोजना अन्तर्गत सबस्टेशन निर्माणका लागि प्राप्त बोलपत्र २०८० साल कात्तिक २ गते खोलिँदै ।*

# विद्युत् प्रसारण आयोजना

## प्रसारण लाइनका लागि जग्गा प्राप्तिसम्बन्धी प्रगति


जग्गा प्राप्ति ऐन, २०३४ अनुसार प्रसारण लाइनका टावरको जग निर्माणका लागि जग्गा प्राप्ति गर्नेसम्बन्धमा एमसिए-नेपालले उल्लेख्य प्रगति गरेको छ ।

एमसिए-नेपालले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समिति गठन गर्नुपूर्व नौ वटै जिल्लामा सरोकारवालाहरूसँग बैठक आयोजना गरेको छ ।

एमसिए-नेपालले काठमाडौँ जिल्ला बाहेक नौ वटा जिल्लामा माथिका क्रियाकलापहरूमध्ये अधिकांश (१ - ६) सम्पन्न गरिसकेको छ। २०८० साल भदौसम्ममा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसार प्राप्ति गरिने जग्गा कित्तासम्बन्धी पूर्ण विवरणसहितको सूचना नौ वटै जिल्लामा प्रकाशन गरिसकिएको छ। सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा मुआब्जा निर्धारण समितिका अध्यक्षको अध्यक्षतामा आयोजना गरिएका बैठकमा जग्गा प्राप्तिसम्बन्धी प्रारम्भिक कार्य प्रतिवेदन प्रस्तुत गरिसकेपछि एमसिए-नेपालले ती सूचना प्रकाशन गरेको थियो ।

प्रसारण लाइनको ३१५ किमिमध्ये ४.८ किमि मात्र पर्ने काठमाडौँ जिल्लामा स्थानीय गुनासा र नेपाल विद्युत् प्राधिकरणको लप्सीफेदी सबस्टेशन निर्माण क्षेत्रमा भइरहेका समस्याका कारण जग्गा प्राप्ति प्रक्रियालाई अगाडि बढाइएको छैन । लप्सीफेदी सबस्टेशन निर्माण क्षेत्रमा भइरहेका समस्या निकट भविष्यमा समाधानका लागि उपाय निकाल्न नेपाल विद्युत् प्राधिकरणले स्थानीय समुदाय तथा निर्वाचित जनप्रतिनिधिहरूसँग छलफल गरिरहेको छ ।

यसका अतिरिक्त मुआब्जा निर्धारणका लागि प्राविधिक प्रतिवेदनहरू तयार गर्नका लागि उप-समिति गठन गर्न नौ वटै जिल्लामा मुआब्जा निर्धारण समितिका बैठकहरू आयोजना गरिएको छ ।




प्रसारण लाइनको ३१५ किमिमध्ये ४.८ किमि मात्र पर्ने काठमाडौँ जिल्लामा स्थानीय गुनासा र नेपाल विद्युत् प्राधिकरणको लप्सीफेदी सबस्टेशन निर्माण क्षेत्रमा भइरहेका समस्याका कारण जग्गा प्राप्ति प्रक्रियालाई अगाडि बढाइएको छैन । लप्सीफेदी सबस्टेशन निर्माण क्षेत्रमा भइरहेका समस्या निकट भविष्यमा समाधानका लागि उपाय निकाल्न नेपाल विद्युत् प्राधिकरणले स्थानीय समुदाय तथा निर्वाचित जनप्रतिनिधिहरूसँग छलफल गरिरहेको छ ।

## प्रसारण लाइनका लागि जग्गा प्राप्ति सहजीकरणका लागि प्रजिअहरूसँग कार्यशाला

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरूको सहभागितामा २०८० साल साउन ८ गते रूपन्देही जिल्लाको मणिग्राममा एक कार्यशाला आयोजना गरेको छ । उक्त कार्यशाला सम्बन्धित जिल्लाहरूमा जग्गा प्राप्ति प्रक्रियालाई सहजीकरण गर्न साझा समझदारी विकास गर्नेसन्दर्भमा उपयोगी रहेको थियो ।

उक्त कार्यशालामा प्रमुख अतिथिका रूपमा सहभागी हुँदै माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले एमसीसी कम्प्याक्ट अन्तर्गतका आयोजना समयमै सम्पन्न गर्नका लागि सामूहिक प्रयास हुनुपर्नेमा जोड दिनुभएको थियो ।



*विद्युत् प्रसारण आयोजना कार्यान्वयन गरिने जिल्लाहरूका प्रमुख जिल्ला अधिकारीहरू जग्गा प्राप्ति प्रक्रियालाई सहजीकरणका लागि २०८० साल साउन ८ गते रूपन्देही जिल्लाको मणिग्राममा आयोजित कार्यशालामा सहभागी हुनुहुँदै ।*

अर्थ मन्त्रालयका सचिव एवं एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन प्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यशालाले विद्युत् प्रसारण आयोजनाका लागि सम्बन्धित जिल्लाहरूमा जग्गा प्राप्तिका लागि आयोजना प्रभावितहरूलाई भुक्तानी गर्नुपर्ने मुआब्जा दर निर्धारण गर्दै जग्गा प्राप्ति प्रक्रियालाई तीव्रता दिन सहयोग गर्नेछ ।

उक्त कार्यशालामा गृह मन्त्रालयका सचिव श्री दिनेश भट्टराई तथा मकवानपुर, तनहुँ, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले सक्रिय सहभागिता जनाउनुभएको थियो ।

# पुनर्वास कार्ययोजना तयारीका लागि घरदैलो सर्वेक्षण



नुवाकोट जिल्लामा घरदैलो सर्वेक्षण सञ्चालन गरिँदै।

एमसिए-नेपालले आयोजना प्रभावित घर परिवारको सामाजिक-सांस्कृतिक, जनसाङ्ख्यिक र आर्थिक तथ्याङ्क सङ्कलन गर्नका लागि चितवन र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा घरदैलो सर्वेक्षण सम्पन्न गरेको छ। धादिङ, मकवानपुर, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नुवाकोट, पाल्पा र सिन्धुपाल्चोक जिल्लाहरूमा उक्त सर्वेक्षण जारी छ।

उक्त सर्वेक्षण एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको अभिन्न अङ्ग हो। यस्ता सर्वेक्षण विद्युत् प्रसारण आयोजना अन्तर्गत प्रसारण लाइन निर्माण गरिने १० वटै जिल्लामा सञ्चालन गरिनेछ।

# गुनासो सम्बोधनका लागि परामर्श कार्यक्रम

एमसिए-नेपालले नुवाकोट जिल्लाको लिखु गाउँपालिकाको वडा नं. ५ र ६ का स्थानीय वासिन्दासँग २०८० साल साउन २८ गते परामर्श कार्यक्रम आयोजना गरेको छ।

विद्युत् प्रसारण लाइनका लागि प्रस्तावित मार्गबारे दर्ता गरिएका गुनासो सम्बोधनका लागि उक्त कार्यक्रम आयोजना गरिएको थियो।

लिखु गाउँपालिकाको वडा नं. ५ का अध्यक्ष विश्वप्रसाद खतिवडाको उपस्थितिमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो।

आयोजनासम्बन्धी निर्माण कार्य थाल्नुपूर्व आयोजना कार्यान्वयन हुने १० वटै जिल्लाका प्रभावित समुदायबाट प्राप्त गुनासा सम्बोधन भएको सुनिश्चित गर्नका लागि एमसिए-नेपालले निरन्तर छलफल र परामर्श गरिरहेको छ।

# रुख गणना

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने जिल्लाहरूमा रुख गणना कार्य थालनी गरेको छ। नौ जिल्लामा सामुदायिक वन उपभोक्ता समूहहरू तथा कबुलियती वन उपभोक्ता समूहहरूसँगका अन्तरक्रिया सम्पन्न गरिएपछि रुख गणना कार्यको नेतृत्व गर्नका लागि डिभिजनल तथा उप-डिभिजनल वन अधिकृतहरूलाई अभिमूखीकरण गरिएको थियो।

अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएपछि नौ वटा जिल्लामा २०८० साल साउन महिनादेखि रुख गणना कार्य थालनी गरिएको थियो। हालसम्ममा मकवानपुर, चितवन, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा उक्त कार्य सम्पन्न पनि भइसकेको छ।

वन क्षेत्रको विवरण अभिलेखीकरण गर्नुका साथै विद्युत् प्रसारण आयोजनाबाट प्रभावित सामुदायिक, कबुलियती तथा सरकारी वनका काट्नुपर्ने रुखको सङ्ख्या निर्धारण गर्ने उद्देश्यले यो कार्य गरिएको हो। सङ्कलित तथ्याङ्का आधारमा एमसिए-नेपालले प्रभाव न्यूनीकरणका लागि उपयुक्त उपायहरू पहिल्याउनेछ। विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने सम्पूर्ण जिल्लामा उक्त गणना गरिनेछ। प्रसारण लाइनका टावरको जग निर्माण गर्ने क्रममा रुख काट्नका लागि यस रुख गणना कार्यले मार्गप्रशस्त गर्नेछ।



रुख गणनासम्बन्धी नेतृत्व टोलीलाई तनहुँ जिल्लामा सञ्चालन गरिएको अभिमूखीकरण कार्यक्रम।



मकवानपुर जिल्लामा रुख गणना कार्य सञ्चालन गरिँदै।

# आयोजनाबाट महिला तथा बालबालिकामा पर्ने प्रभावबारे छलफल

विद्युत् प्रसारण आयोजनाका पुनर्वास क्रियाकलापहरूका कारण महिला तथा बालबालिकामा पर्ने सामाजिक-आर्थिक प्रभाव विश्लेषणका लागि एमसिए-नेपालले मकवानपुर जिल्लाको कैलाश गाउँपालिका, हेटौंडा उप-महानगरपालिका, थाहा नगरपालिका तथा राक्सिराङ गाउँपालिकामा आयोजना प्रभावित महिलाहरूसँग २०८० साल मङ्सिर ४ गतेदेखि ७ गतेसम्म विषय केन्द्रित छलफलहरू आयोजना गरेको छ ।

हेटौंडा उप-महानगरपालिकाको श्री निर्मल उच्च माध्यमिक विद्यालय तथा थाहा नगरपालिकाको इन्द्रायणी माध्यमिक विद्यालयका विद्यार्थीहरू पनि छलफल कार्यक्रममा सहभागी भएका थिए ।

ती छलफलबाट निकालिएका निष्कर्षहरूलाई पुनर्वास कार्ययोजनाका साथै सुरक्षा पहलसम्बन्धी योजनामा अभिलेखीकृत गरिनेछ । यस्तै परामर्श कार्यक्रमहरू आयोजनाबाट प्रभावित हुने सम्पूर्ण जिल्लमा आयोजना गरिनेछ ।



*मकवानपुर जिल्लाको कैलाश गाउँपालिकामा आयोजित विषय केन्द्रित छलफलमा आयोजना प्रभावित महिलाहरू ।*



*मकवानपुर जिल्लाको हेटौंडा उप-महानगरपालिकामा आयोजित विषय केन्द्रित छलफलमा आयोजना प्रभावित विद्यार्थीहरू ।*

# नयाँ बुटवल सबस्टेशन निर्माणस्थलको भ्रमण

एमसिए-नेपालको सञ्चालक समितिका सदस्यहरू नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ तथा निजी क्षेत्रका प्रतिनिधि श्री कुमार पाण्डेले २०८० साल साउन ७ गते नयाँ बुटवल सबस्टेशन निर्माणस्थलको निरीक्षण भ्रमण गर्नुभएको छ ।

उक्त निर्माणस्थल र प्राधिकरणले गरिरहेका अन्य काम अवलोकन गर्ने उद्देश्यले उक्त भ्रमणको गरिएको थियो । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिकामा निर्माण गरिने नयाँ बुटवल सबस्टेशन एमसिए-नेपालले निर्माण गर्ने तीन वटा ४०० केभीका सबस्टेशनमध्ये एउटा हो ।

यसैगरी एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र एमसीसीका आवासीय राष्ट्रिय निर्देशक श्री डायन फ्रान्सिस्कोसहितको एमसिए-नेपाल र एमसीसीको संयुक्त टोलीले पनि २०८० साल मङ्सिर १४ गते उक्त सबस्टेशन निर्माणस्थलको निरीक्षण भ्रमण गरेको थियो ।



*एमसिए-नेपालको सञ्चालक समितिका सदस्यहरू नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ तथा निजी क्षेत्रका प्रतिनिधि श्री कुमार पाण्डे २०८० साल साउन ७ गते नयाँ बुटवल सबस्टेशन निर्माणस्थलको निरीक्षण गर्नुहुँदै ।*



*एमसिए-नेपाल तथा एमसीसी टोली २०८० साल मङ्सिर १४ गते नयाँ बुटवल सबस्टेशन निर्माणस्थलको निरीक्षण भ्रमण गर्नुहुँदै ।*

# जीविकोपार्जन पुनःस्थापना कार्यक्रम - रातमाटे

## भीमेश्वर बहुउद्देश्यीय सहकारीको उद्घाटन

बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङले नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा स्थापित भीमेश्वर बहुउद्देश्यीय सहकारी संस्थाको २०८० साल असार १९ गते आयोजना प्रभावित व्यक्तिहरू र स्थानीय वासिन्दाहरूको उपस्थितिमा उद्घाटन गर्नुभयो ।

एमसिए-नेपालले २०८० साल असार २२ र २३ गते सहकारी व्यवस्थापन तालिम र २०८० साल मङ्सिर १० र ११ गते संस्था व्यवस्थापन तथा नेतृत्व विकास तालिम आयोजना गरेको थियो । सहकारीलाई सहज रूपमा सञ्चालन गर्नका लागि सञ्चालक समितिका सदस्यहरू तथा अन्य समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ती तालिम सञ्चालन गरिएको थियो ।



*बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङले नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा स्थापित भीमेश्वर बहुउद्देश्यीय सहकारी संस्थाको २०८० साल असार १९ गते उद्घाटन गर्नुहुँदै ।*

उक्त सहकारी संस्थामा २०८० साल मङ्सिर महिनासम्ममा ४८ जना स्थानीय वासिन्दा सदस्य भइसकेका छन् ।

एमसिए-नेपालले जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत सबस्टेशन निर्माणस्थलका आयोजना प्रभावित व्यक्तिहरूको आर्थिक दिगोपना तथा सशक्तीकरणका लागि उक्त सहकारी स्थापना गर्न प्राविधिक सहयोग उपलब्ध गराएको थियो ।

---

## आयोजना प्रभावित व्यक्तिहरूका लागि जारी प्रशिक्षण तथा सहयोग

आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन उनीहरूको छनोट अनुसार नै सुदृढ गर्न रातमाटे सबस्टेशनमा कार्यान्वयन भइरहेको दुई वर्षे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत विभिन्न प्रशिक्षण तथा सहयोग प्रदान गर्ने कार्य जारी रहेको छ ।

हाल २७२ जना व्यक्ति अटोमोबाइल मेकानिक, हल्का सवारीचालक, वेब डिजाइन, ब्यूटिसियन, पुतली एवं कुशन उत्पादन, आधारभूत फोटोग्राफी तथा व्यावसायिक योजना तर्जुमा लगायतका विभिन्न व्यावसायिक तथा सीपमूलक प्रशिक्षणमा संलग्न हुनुहुन्छ ।

यसका अतिरिक्त यस कार्यक्रम अन्तर्गत प्रशिक्षार्थीहरूलाई उत्पादन सामग्री, औजार तथा खेतमै प्राविधिक सहयोग जस्ता स्रोतसाधन पनि उपलब्ध गराइँदैछ ।

यो कार्यक्रम भौतिक तथा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूको जीविकोपार्जन सुधिएको सुनिश्चित गर्ने अन्तरराष्ट्रिय मापदण्डमा आधारित एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको एक अभिन्न अङ्ग हो ।

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत सञ्चालित विभिन्न क्रियाकलापका केही झलक ।



*पुतली तथा कुसन उत्पादन प्रशिक्षणका सहभागीहरूलाई व्यावसायिक योजना तर्जुमासम्बन्धमा अभिमूखीकरण गरिँदै ।*



*कुखुरापालनसम्बन्धी तालिममा एक सहभागी आफूले पालेका कुखुराको स्याहार गर्नुहुँदै ।*



*ब्यूटिसियन पुनःताजगी तालिममा सहभागी हुनुहुँदै आयोजना प्रभावितहरू ।*



*व्यावसायिक कृषि प्रशिक्षणका सहभागी एक प्रशिक्षार्थी आफ्नो उत्पादन टिप्नुहुँदै ।*



*अटोमोबाइल मर्मत तालिममा सहभागी हुनुहुँदै आयोजना प्रभावितहरू ।*

# सडक मर्मत आयोजना

## एफडीआर फटिग कर्भ तयारीसम्बन्धी अभिमूखीकरण

एमसिए-नेपालले २०८० साल कात्तिक १४ गतेदेखि १७ गतेसम्म सडक विभागमा फुल डेप्थ रिक्लेमेशन (एफडीआर) फटिग कर्भ तयारीसम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरेको छ ।

उक्त प्रशिक्षण एफडीआर तथा सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (सुपरपेभ) जस्ता नयाँ पेभमेण्ट सुधार प्रविधि प्रयोग गरिने रणनैतिक सडक मर्मत क्रियाकलापको एक महत्वपूर्ण अंश हो ।

यस क्रियाकलापका लागि पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि लामो सडक खण्ड छनोट गरिएको छ र यसका लागि डिजाइन कार्य भइरहेको छ ।



*सडक विभागमा आयोजित प्रशिक्षणमा सहभागी हुनुहुँदै प्रयोगशाला प्राविधिज्ञहरू ।*

## दाङ जिल्लामा सरोकारवालाहरूसँग अन्तरक्रिया

एमसिए-नेपालले २०८० साल मङ्सिर १५ गते लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको कार्यालयमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि लामो सडक खण्डमा फूल डेप्थ रिक्लेमेशन (एफडीआर) प्रविधि प्रयोगका लागि तयार गरिने डिजाइनबारे सम्बन्धित सरोकारवालाहरूबीच आम समझदारी जुटाउने, आयोजनासम्बन्धी प्राविधिक विवरण र यसबाट पुग्ने लाभसम्बन्धी जानकारी प्रस्तुत गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त कार्यक्रमका क्रममा आयोजना कार्यान्वयनका लागि जिल्ला स्तरीय तथा स्थानीय निकायहरूबीच सहमतिको वातावरण सिर्जना गरिएको थियो भने आयोजनासम्बन्धमा सुझावहरू पनि सङ्कलन गरिएको थियो ।

उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका गृहमन्त्री सन्तोष पाण्डे, अर्थ मन्त्रालय तथा सडक विभागका प्रतिनिधिहरू, एमसीसीका अधिकारीहरू तथा आयोजना कार्यान्वयन क्षेत्रमा पर्ने प्रादेशिक एवं स्थानीय निकायका प्रतिनिधिहरूका साथै अन्य प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



*एमसिए-नेपालको परामर्शदाता स्वेको एएस डानमार्कका प्रतिनिधि श्री रोहित आचार्य दाङमा आयोजित परामर्श कार्यक्रममा सडक मर्मत आयोजनासम्बन्धी प्राविधिक विवरण प्रस्तुत गर्नुहुँदै ।*

एमसिए-नेपालले सडक मर्मतसम्बन्धी नवीन, जलवायुमैत्री तथा लागत प्रभावकारी दिगो प्रविधि प्रयोग गरेर पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि लामो सडक खण्डको मर्मत एवं स्तरोन्नति गर्दैछ ।

## इण्टरनेशनल रफनेस इण्डेक्स क्लास २ उपकरण जडान तथा सञ्चालन तालिम



*इण्टरनेशनल रफनेस इण्डेक्स क्लास २ उपकरण जडान तथा सञ्चालनसम्बन्धी तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षार्थीहरू ।*

एमसिए-नेपालले २०८० साल पुस ३ गतेदेखि ६ गतेसम्म काठमाडौँमा सडक विभाग, इञ्जिनियरिङ्ग अध्ययन संस्थान र सडक मर्मत आयोजनाका इञ्जिनियरहरूका लागि इण्टरनेशनल रफनेस इण्डेक्स क्लास २ उपकरण जडान तथा सञ्चालन तालिम आयोजना गरेको छ ।

कुल १६ जना इञ्जिनियर सहभागी उक्त तालिममा सडकको खस्रोपना मापनका लागि उक्त उपकरण प्रयोग गर्ने तरिका सिकाइएको थियो ।

उक्त उपकरण प्रयोग गरी सङ्कलित तथ्याङ्क सडक मर्मत र पुनःस्थापनाको आवधिक योजना निर्माणमा प्रयोग गरिनेछ ।

सडक विभागको सडक मर्मत क्षमता अभिवृद्धिका लागि सडक मर्मत आयोजनाको प्राविधिक सहायता अन्तर्गत उक्त तालिम सञ्चालन गरिएको हो ।

# ढाका उद्योगी बन्ने सपना बुन्दै भीममाया



नुवाकोट जिल्लास्थित बेलकोटगढी नगरपालिकाको धनसार गाउँमा ५३ वर्षीया भीममाया लिम्बू आफ्नो श्रीमान, छोरा, बुहारी र दुई वर्षीया नातिनीसँग जीवन बिताइरहनुभएको छ। कुवेतमा वैदेशिक रोजगारीमा रहनुहुँदा उहाँले धनसार गाउँमा एक टुक्रा खेत किन्नका लागि पैसा पठाउनुभएको थियो । सोही खेतमा उहाँको परिवारले गर्ने गरेको बाली र तरकारी खेती नै उहाँहरूको प्राथमिक आयस्रोत थियो ।

एमसिए-नेपालले नुवाकोट जिल्लामा रातमाटे सबस्टेशन निर्माणका लागि उहाँहरूको जग्गा प्राप्ति गरेपछि उहाँको परिवारले त्यो जग्गा छोड्नुपर्‍यो । उहाँहरू जग्गाको मुआब्जा लिएर अन्यत्रै सर्नुपर्‍यो । त्यसको लगत्तै भीममाया नेपाल फर्कनुभएको थियो ।

एमसिए-नेपालले आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन सुधार गर्न जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सञ्चालन गरेपछि भीममाया आफ्नो परिवारका लागि आयआर्जनको नयाँ क्षितिज उघार्न उक्त कार्यक्रममा सहभागी हुनुभयो । सो क्रममा उहाँले ढाका बुनाइसम्बन्धी तालिम हासिल गर्ने अभिरुचि देखाउनुभएको थियो । उहाँलाई उक्त सीपसम्बन्धी केही पूर्व-जानकारी थियो र त्यससम्बन्धी थप विज्ञता हासिल गरी आफ्नै व्यवसाय सञ्चालन गर्ने इच्छा उहाँको थियो ।

शुरुमा त उहाँको श्रीमानले उहाँलाई न उक्त तालिममा जान अनुमति दिनुभयो न त आफ्नै व्यवसाय थाल्ने उहाँको विचारमा साथ नै दिनुभयो । तैपनि उहाँ ढाका बुनाइसम्बन्धी दुई महिने तालिममा सहभागी हुनुभयो र पूरा पनि गर्नुभयो ।

उहाँको अभिरुचि र दृढ इच्छाशक्तिलाई दृष्टिगत गरी उहाँलाई थप एक महिना प्रशिक्षण प्रदान गरिएको थियो । तालिम सम्पन्न भएपछि उहाँले मुआब्जाका रूपमा प्राप्त रकमबाटै एउटा ढाका बुन्ने तान र केही कच्चा पदार्थ किन्नुभयो । घरमै बसेर सोही तानमा उहाँले विभिन्न किसिमका ढाकाका कपडा बुन्न थाल्नुभयो र राम्रो भाउमा बिक्री पनि गर्न थाल्नुभयो ।

> “यो तालिम नपाएको भए म अरू जस्तै कामको खोजीमा विदेश धाइरहेकी हुन्थें”

अहिले उहाँ आफ्नो उद्योगलाई विस्तार गर्न अभिप्रेरित हुनुभएको छ । आफ्नो उद्यमबाट कमाएको नाफाबाट ढाका बुन्ने तानको सङ्ख्या बढाउन सकिने आशामा उहाँ हुनुहुन्छ । साथै आफूले सिकेको सीप अन्य स्थानीय वासिन्दाहरूलाई पनि सिकाएर उनीहरूका लागि रोजगारीको अवसर सिर्जना गर्ने सोचमा पनि उहाँ हुनुहुन्छ ।

एमसिए-नेपालको सहयोगबाट ढाका बुन्ने आफ्नो सीप परिमार्जन गर्न पाएकोमा र एक जना उद्यमीका रूपमा अगाडि बढ्ने व्यावसायिक अवसर पाएकोमा उहाँ कृतज्ञ हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, “यो तालिम नपाएको भए म अरु जस्तै कामको खोजीमा विदेश धाइरहेकी हुन्थें ।”

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम भौतिक तथा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूको जीविकोपार्जन सुधिएको सुनिश्चित गर्ने अन्तरराष्ट्रिय मापदण्डमा आधारित एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको एक अभिन्न अङ्ग हो ।

हेर्नुहोस्, भीममायाको कथा :

https://www.youtube.com/watch?v=TnjHI194xg4.



*नुवाकोटकी भीममाया आफ्नै घरमा ढाका कपडा बुन्नुहुँदै ।*

**सम्पर्कका लागि**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरवार मार्ग, काठमाडौँ, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org